ISSN NO . 2676–1297

# प्रगतिशील गीतका राजनीतिक अन्तर्वस्तु र दलिय सङ्गठन निर्माणमा भूमिका

**टिका प्रसाद भण्डारी***

***अध्ययनसार***

*प्रस्तुत लेख प्रगतिशील गीतका राजनीतिक अन्तर्वस्तु र सङ्गठन निर्माणसँग सम्बन्धित रहेको छ। न्युमेनले राजनीतिक दलहरूलाई आधुनिक राजनीतिको 'लाइफलाइन' मानेका छन् । दलहरूले आफ्नो शक्ति र सङ्गठन विस्तार गर्न अनेक साधनहरूको प्रयोग गर्ने गर्दछन्। पञ्चायतकालीन समयमा नेपालका कम्युनिष्ट घटकहरूमध्ये सबैभन्दा ठुलो साम्यवादी दल नेकपा (माले) ले गीतलाई सङ्गठन विस्तारको आधार बनाएको थियो। यसै सन्दर्भमा राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा उक्त भूमिगत राजनीतिक दलको सङ्गठन विस्तारमा प्रगतिशील गीतले खेलेको भूमिकालाई प्रगतिशील गीतका मूल प्रवृत्ति र अन्तर्वस्तुका दृष्टिविन्दुबाट विश्लेषण गर्नु प्रस्तुत लेखको मूल उद्देश्य हो। वणर्नात्मक ढाँचामा तयार गरिएको यो लेख मुख्यतः गुणात्मक प्रकृतिको रहेको छ। मूलतः प्राथमिक, र द्वितीयक स्रोतबाट प्राप्त तथ्यहरूमा आधारित छ। कम्युनिष्ट पार्टीको सङ्गठन विस्तारमा जनवादी गीतले खेलेको भूमिकाका बारेमा अध्ययन गर्न चाहने अध्येताहरूका लागि यो अध्ययन बढी उपयोगी हुने अपेक्षा गरिएको छ। भूमिगत दल र दलीय शक्तिको सबलीकरणमा प्रगतिशील गीतले एक सांस्कृतिक साहित्यिक अङ्गका रूपमा महत्त्वपूर्ण भूमिका खेलेको थियो र उक्त गीतहरूले राजनीतिक परिवर्तनको जन आन्दोलन (२०४६) मा समेत प्रभावकारी भूमिका थियो भन्ने प्रस्तुत लेखको मूल निष्कर्ष रहेको छ।*

**शब्दावली** : नेकपा (माले), प्रगतिशील गीत, सङ्गठन विस्तार, सङ्घर्ष, जनशक्ति निर्माण।

### १.अध्ययनको परिचय

प्रगतिशील गीतको थालनी नेपालमा वि.सं. २०२३ बाट राल्फा साहित्यिक सांस्कृतिक संस्थाबाट भएको पाइन्छ। पूर्व राल्फाहरू २०१७ राजनीतिक परिवर्तन पछि रेडियो नेपालमा उनीहरूका गीत सेन्सर र प्रतिबन्धमा पर्न थाले। "बहुदलीय व्यवस्थाका प्रवर्तक र समर्थकहरू माथि कडा सेन्सर लगाइयो" (बराल, सन् १९७५, चौहान, सन् १९७१ : १६७)। पूर्व राल्फाका गीतमा सेन्सर चलाइएको र आर्थिक शोषण समेत भएको भन्दै उनीहरू रेडियो नेपाललाई मुद्दा हालेर रेडियो नेपालबाट बाहिरिए। वि.सं.२०२३ मा राल्फा स्थापना गरे। रेडियो नेपालमा स्थान नपाएको आक्रोश सँगै उनीहरू राल्फा गीति कार्यक्रम लिएर गाउँगाउँमा जागरण भर्दै हिँड्न थाले। पूर्वी नेपालबाट सुरू भएको उनीहरूको गीतियात्रा देशभरि फैलियो। यस बीचमा राल्फा सदस्यहरूले आफूलाई मार्क्सवादी अध्ययनले सैद्धान्तिक रूपमा बलियो बनाउँदै गएर नेकपा कोअर्डिनेशन कमिटी (माले) सँग जोडिए। वि.सं. २०३० मा नेकपामा आएको विभाजन सँगै विभाजित हुन पुग्यो। वि.सं. २०३५ मा विभिन्न कम्युनिष्ट घटकहरूको एकीकरण सँगै नेपालको सबै भन्दा ठुलो घटकका रूपमा नेकपा मालेको गठन हुन गयो। "पार्टी एकीकरणको वार्तालाई टुङ्गोमा पुऱ्याउँदै डिसेम्बर २६ देखि १९७९ जनवरी १ गतेसम्ममा पार्टीको राष्ट्रिय सम्मेलनको आयोजना गरी सीपी मैनालीको नेतृत्वमा राष्ट्र्व्यापी पार्टी र केन्द्रीय समिति गठन गरे। उक्त पार्टीको नाम नेपाल- मार्क्सवादी-लेनिनवादी वा नेकपा (माले) राखियो, (पोखरेल, सन् २००७, पृ.७९)। मालेले स्थापना सँगै पार्टीको राजनीतिक शक्ति र सङ्गठन विस्तार गर्ने उद्देश्य अनुरूप सङ्कल्प परिवार गठन गऱ्यो। २०३६

*लेखक विद्यावारिधि अनुसन्धानरत छन्।

को जनमत सङ्ग्रहको केही खुकुलो राजनीतिक परिवेशलाई उपयोग गर्दै माले सङ्कल्प गीति कार्यक्रम लिएर गाउँ गाउँमा पुग्यो। सुरूवातमा जनमत सङ्ग्रहको बहिस्कार गरेको मालेले केही पछि उपयोगको नीति लियो। सङ्कल्प परिवारले बहुदलीय व्यवस्थाको पक्षमा जनमत सिर्जना, जनचेतना, सामाजिक जागरण ल्यायो। त्यसको जगमा मालेले पार्टी सङ्गठन विस्तार गर्दै गयो। वि.सं.२०४६ को जन आन्दोलनमा प्रगतिशील राल्फा, सङ्कल्प, आस्था (२०४४) का कलाकारहरूका गीतले जनतालाई आन्दोलनमा जगाउने, सहभागी हुन प्रेरित गर्ने, उत्साह र उर्जा भर्ने काम गरे। "पार्टीको लाइन, नीति, सिद्धान्त, कार्यक्रम तथा धारणाहरूलाई आत्मसात् नगरिसकेको व्यक्तिलाई तुरून्तै खास कामको जिम्मा दिनु हुँदैन, केही समयको अनुभवका आधारमा नीति, कार्यक्रमबाट दीक्षित र सिद्धान्त परिपक्व सङ्गठित जीवन बिताई सङ्घर्षमा परेका जनसेवी क्रान्तिकारीहरूलाई मात्रै कार्यकर्ता बनाउनु पर्छ,,"(पोखरेल, सन् २००७, परिशिष्ट ५२९) भन्ने थियो। पार्टीले लिएको उक्त पार्टी कार्यकर्ता उत्पादनको प्रक्रियामा प्रगतिशील गीतको महत्त्वपूर्ण भूमिका रहन पुग्यो। उल्लिखित पृष्ठभूमिमा त्यसबेला प्रयोगमा हुन गएका प्रगतिशील गीत, त्यसका मूल प्रवृत्ति र अन्तर्वस्तुको पहिचान गरी मार्क्सवादी वर्ग सङ्घर्षको सिद्धान्त, वर्ग सङ्घर्षको गीति दृष्टिकोण र आलोचनात्मक यथार्थवादका सापेक्षतामा आधारमा शोध उद्देश्य अनुरूपको निष्कर्ष निकालिएको छ। यस लेखको उद्देश्य पञ्चायतकालीन समयमा प्रगतिशील गीतले नेकपा (माले) को सङ्गठन विस्तारमा खेलेको भूमिकाको विश्लेषण गर्नु तथा प्रगतिशील गीतका मूल प्रवृत्ति र अन्तर्वस्तुको पहिचान गर्नु रहेको छ।

**२.प्रगतिशील गीतको सैद्धान्तिक पर्याधार**

अनुसन्धेय विषयमा प्रवेश गर्नु अघि प्रगतिशील गीतको सैद्धान्तिक पर्याधार स्पष्ट पारिएको छ। प्रगतिशील गीत मूलतः मार्क्सवादी सिद्धान्त र त्यसका मूल प्रस्तावनासँग सम्बन्धित रहेको पाइन्छ। प्रगतिशीलको अर्थ- " मार्क्सवादी सिद्धान्तनुसार सामाजिक प्रगतिमा विश्वास गर्ने, प्रगतिशीलताको अर्थ प्रगतिशील हुने गुण, स्वभाव, प्रक्रिया, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासमा जोड दिने मार्क्सवाद प्रभावित साहित्य सिद्धान्त, (पराजुली सम्पा., २०७५, पृ.८१३) भनिएको छ।

सैद्धान्तिक रूपमा प्रगतिशीलहरूले समाजको आर्थिक संरचनालाई मूल आधार मानी समाजका विभिन्न रूपहरू यसै माथि उभिएको अधिरचना मान्दछन्। प्रगतिशील गीत प्रगतिशीलतामा आस्था राख्ने, मार्क्सवादी विचार चिन्तनअनुरूप समाजको अग्रगति वा विकास चाहने, मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भैतिकवादी विश्वदृष्टिकोण अनुसार समाजको निरन्तर प्रगति, उन्नति, समृद्धि चाहने एउटा विचारसहितको आन्दोलन हो। सामन्तवाद, साम्राज्यवादको विरोध र सर्वहारा वर्गको पक्षमा रचना गर्नु, त्यसको सामूहिकीकरण र सांस्कृतिकीकरण गर्नु प्रगतिशीलता हो। चेतनालाई वस्तु जगत्को आत्मिक प्रतिविम्बन मान्दै मार्क्सवादी दर्शन अनुरूप विश्वलाई वोधगम्य बनाउने र विश्वदृष्टिकोण अनुरूप नै सर्वहारा वर्गको अधिनायकत्व स्थापित गर्ने साहित्यको एउटा रूप प्रगतिशील गीत हो।

प्रस्तुत अध्ययन वि.सं. २०१७ देखि २०४६ सम्मको भूमिगत राजनीतिक कालखण्डमा त्यसबेलाको कम्युनिष्ट घटक नेकपा (माले) को राजनीतिक सङ्गठन शक्तिको विस्तारमा भूमिका खेलेको प्रगतिशील गीतसँग सम्बन्धित छ। खासगरी २०२८ को झापा आन्दोलनले निर्माण गरेको प्रगतिशील गीति धार राल्फा परिवार, सङ्कल्प र आस्था परिवारका गीतहरूको मात्र अध्ययन गरिएको छ। प्रस्तुत अनुसन्धानमूलक लेखमा कार्लमार्क्सको वर्ग सङ्घर्षको सिद्धान्त, मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम र आलोचनात्मक यथार्थवादका सैद्धान्तिक मान्यताका आधारमा व्याख्यात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ। क्षेत्रगत अवलोकन विधि, नमुना छनोटमा झापा, मोरङ र काठमाडौंमा समूह केन्द्रित छलफल गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत सरोकारवाला विज्ञ व्यक्तिहरूसँग अन्तर्वार्ता र द्वितीय स्रोतका रूपमा आधिकारिक दस्तावेजहरूको समेत प्रयोग गरिएको छ।

**३.छलफल र उपलब्धि**

पञ्चायतकालमा नेकपा (माले) ले पार्टी सङ्ठन विस्तारमा प्रगतिशील गीति कार्यक्रमलाई आधार बनाएको थियो। "पार्टी सिधै जनताबीच जाने अवस्था नहुँदा विकल्पका रूपमा गाउँमा पहिला एउटा घर समात्ने, त्यो घरलाई सेल्टर बनाउने, त्यहाँ गीत गाएर मान्छे भेला पार्ने, गीत सुनाएर मानिसलाई पनि प्रभावित तुल्याउने र हज्जारौँको सङ्ख्यामा पार्टी शुभेच्छुकहरू जन्माउने काम हुन्थ्यो," (भण्डारी, अन्तर्वार्ता, कात्तिक १५, २०७५)। एउटा विचारको मानिसलाई अर्को विचारमा रूपान्तरित गर्ने, अचेतलाई सचेत पार्ने, जनतालाई विचारले लेस गर्ने र त्यसैको जगमा पार्टी सङ्गठन निर्माणको आधारशिला निर्माण गर्ने काममा प्रगतिशील गीतले भूमिका खेलेको देखिन्छ। मदन भण्डारी र मोदनाथ प्रश्रितजस्ता नेताहरू समेत नेकपा (माले) सँग जोडिने मूल कडी प्रगतिशील साहित्य र गीत रहेको पाइन्छ। "सांस्कृतिक भूमिकाकै कारण म कम्युनिष्ट पार्टीमा तानिएको हूँ। मैँले मदन भण्डारीलाई पार्टीमा सङ्गठित गर्न बनारसमै भूमिका खेलेँ। यसरी नै हज्जारौँ मानिसहरू कम्युनिष्ट पार्टीमा सङ्ठित हुँदै आएका हुन्," (प्रश्रित, अन्तर्वार्ता, मङ्सिर २६, २०७६)। भण्डारी आफैँ पनि गीत लेख्थे, गाउँथे। भूमिगत सेल्टरमा गीत लेख्ने सुनाउने गर्दा जनतामा काम गर्न अझ सहज हुन्थ्यो। "जीवनको पछिल्लो चरणमा राजनीतिमा सक्रिय भए पनि २०२५ देखि २०३३ सम्म भण्डारीको प्रमुख चिनारी साहित्यकार नै थियो, (नेपाल, २०७८, मंसिर ४)। उक्त भनाइले पनि भण्डारी साहित्य र गीतको पृष्ठभूमि बाटै राजनीतिमा प्रवेश भएको देखिन्छ। "मदनले लेखेका गीत थुप्रै कार्यकर्ताले देउसी भैलोमा गाउँदै हिँडे। मदनका गीत हुन् भन्ने धेरैलाई त थाहै थिएन। किनकि ती गीत मदनका भूमिगत नामहरू सागर, भिष्म, बर्बरिक आदिले चिनिन्थे,"(राई, २०७८, पृ.४३)। त्यसबेला कम्युनिष्ट पार्टीका नेताहरूले छद्म नाम लेख्ने गर्दथे। देउसी, भैलो र सांस्कृतिक कार्यक्रमहरूमा भण्डारीका प्रगतिशील गीत/साहित्यहरू सङ्गठन विस्तारको साधन बनेका थिए। चिनिया मुर्ख बुढोको कथालाई गीत बनाएर भूमिगत सेल्टर गाइन्थ्यो, जसलाई वि.सं.२०२९ तिर भूमिगत कम्युनिष्ट नेता मुकुन्द नेउपानेले अनुवाद गरी यसरी गाएका थिए- "एउटा थियो मुर्ख बुढो चीनको उत्तरमा, दुई ठुला पहाड थिए उसको घर सामुमा, यति भनि मुर्ख बुढो पहाड खन्न थाल्यो, जवाफ दिने ठाउँ नभै सज्जन बुढो भाग्यो," (न्यौपाने, २०७१,पृ. ११०)। उक्त गीत सुनाएर मणिकलाल दाइको सहयोगमा श्रीपुरा पलट चौधरी, सिताराम चौधरी ४, ५ जनालाई पार्टी सङ्गठनमा जोडेका थिए। विद्या चौधरी स्कुलमा प्रगतिशील गाएको आरोपमा जेल चलान भइन्।

बम देवान प्रगतिशील गीत र साहित्यको माध्यमबाट मालेको राजनीतिमा प्रवेश गरेका थिए। "वि.सं.२०३६ मा भएको निर्वाचनमा धरानमा 'जनपक्षीय' उम्मेदवार बम देवानले जितेपछि धरानमा कम्युनिष्ट पार्टीको पकड बलियो बनेको थियो," (बिबिसी नेपाली न्युज, २०१९, डिसेम्बर २)। कम्युनिष्ट पार्टीका नेताहरू भूमिगत पार्टी सङ्गठन गर्थे। ती गीतहरूले मार्क्सवादबारे रुझान बढाउनमा भूमिका खेल्दथ्यो। "पञ्चायत विरूद्ध परिवर्तनको मूल आधार निर्माण गर्ने काम सांस्कृतिक आन्दोलनमार्फत गरिएको थियो। त्यही सांस्कृतिक अभियानबाट प्रवाहित भएर कैयौँ कार्यकर्ता सत भएका थिए, तिनीहरू नै प्रजातन्त्रको पुनः स्थापना पछि विभिन्न तहका नेता, सांसद र पार्टी नेतृत्वमा पुगे। म नै त्यसको एउटा उदाहरण हूँ," (पन्त, अन्तर्वार्ता, पौष २६, २०७६)। यसरी प्रगतिशील गीत साहित्यको माध्यमबाट पार्टी सङ्गठनमा उदाएका केही नेताहरूको उदाहरण पेश गर्न सकिन्छ, जस्तै : देवराज घिमिरे (सङ्घीय संसद, प्रतिनिधि सभाका सभामुख), प्रदीप नेपाल, वामदेव गौतम, रविन्द्र अधिकारी, सीता खड्का, अष्टलक्ष्मी शाक्य, प्रदीप ज्ञवाली, (पूर्व मन्त्रीहरू), जेबी टुहुरे, मधु गुरुङ, (संविधान सभा सदस्यहरू), रघुजी पन्त, विजय सुब्बा, डम्बर सम्बाहाम्फे, गौरा प्रसाईं, रविन कोइराला, पवित्रा निरौला घिमिरे, गोपाल ठाकुर, खगेन्द्र नेपाली (राष्ट्रिय सभा सदस्य) लगायतका प्रतिनिधि सभाका पूर्व सदस्यहरू र अन्य थुप्रै कम्युनिष्ट पार्टीका नेताहरू सुरुवातिचरणमा प्रगतिशील गीत र साहित्यबाट प्रेरित हुँदै गएर नेकपा (माले) को पार्टी जीवनसँग जोडिएर जन सङ्गठनमा जिम्मेवारी सम्हाल्दै मूलधारको राजनीतिमा आएको देखिन्छ।

रत्नकुमार वान्तवा मेची कोशीको पार्टी सङ्गठन हेर्थे। उनको वैचारिक हतियार प्रगतिशील गीत, सङ्गठित थियो। गितार, हार्मोनियम, मादल, बाँसुरीका धूनमा विचार घोलेर जनतामा राजनीतिक चेतना भर्थे। ईश्वर पोखरेल भन्छन् - "वास्तवमा बाँसुरीको त्यति मीठो धून मैँले विरलै मात्र सुनेको छु। रात छिप्पिँदै गएपछि कोठाको झ्याल खोलेर उहाँ बाँसुरी बजाउन थाल्नुहुन्थ्यो। सुन्नेहरू मन्त्रमुग्ध हुन्थे, ताली बजाउँथे र कति त नाँच्थे पनि। उहाँका मुक्तिका गीत र कविताहरूले आङ नै सिरिङ्ग बनाउँथ्यो," (इ-रूपसे, २०७३, असोज २४)। उनको भनाइले बान्तवाका गीत, कविता र वाद्यवादनले जनतालाई भावनात्मकरूपले बाँध्थ्यो र त्यसकै भावभूमिमा सङ्गठन विस्तारको काम अघि बढ्थ्यो भन्ने बुझिन्छ। बान्तवाको कविता एउटै ताँदोबाट छुटेका हामी तीरहरूले तात्कालीन प्रधान शत्रु 'निरङ्कुश पञ्चायती राजतन्त्र' लाई जनक्रान्तिबाट उन्मूलन गर्नुपर्दछ भन्ने अर्थमा व्यक्त भएको सन्दर्भले त्यसलाई अझ बलियो गरी समाउँदछ। वि.सं.२०३७ देखि विद्यार्थी राजनीतिमा प्रवेश गरेका रविन्द्र अधिकारी प्रगतिशील गीतको रुझानले सांस्कृतिक भूमिका, विद्यार्थी राजनीति हुँदै राजनीतिक जीवनमा प्रवेश गरी मन्त्री भएका थिए। अधिकारी भन्छन्- "मैले लेखेको जोमसोममा बजारमा बोलको गीत, नेपथ्यले गाएपछि त्यो गीत एकाएक चर्चित भयो। सुरूमा तयार गरिएको त्यो गीत क्रान्तिकारी भावको थियो," (अनलाइन खबर, २०७५, फागुन १६)। उक्त भनाइबाट रविन्द्रको राजनीतिक चेतनाको अङ्कुरण प्रगतिशील गीत र सांस्कृतिक रूपमै भएको देखापर्दछ। "त्यो बेला मानिसहरू पार्टीको दर्शन, सिद्धान्त, हेरेर भन्दा पनि प्रगतिशील गीत र गीतका विचार मनपराएर, त्यसलाई विश्वास गरेर पार्टीगत स्रोत पहिल्याउँदै पार्टीका अनुकूल फोरमहरूमा जोडिन पुगेका थिए," (प्रधान, अन्तर्वार्ता, पौष २२, २०७६)। उक्त भनाइको आधारमा पञ्चायतकालमा धेरै मानिसहरू सैद्धान्तिकरूपले भन्दा पनि गीति प्रभावले पार्टीमा आबद्ध भएका थिए भन्न सकिन्छ। "सांस्कृतिक मोर्चाहरू नभई पार्टीको निर्माण विस्तार पनि हुदैन थियो भन्ने मलाई लाग्छ। वास्तवमा पार्टी सङ्ठन विस्तारमा ३०-४० प्रतिशतसम्म योगदान रहेको थियो भन्ने लाग्छ, म यही बारेमा लेख्ने गर्छु," (चापागाइँ, अन्तर्वार्ता, कात्तिक ९, २०७५)। उक्त भनाइले उपरोक्त भनाइहरूको परिपूर्ण गर्दछ। तत्तत् ठाउँहरूमा जनताहरूलाई प्रभावित गरेर पार्टी निर्माण गर्ने आधार बनाइन्थ्यो भन्ने थाहा हुन्छ। "२०४६ मा आन्दोलन सफल भएर प्रजातन्त्रको पुनस्थापना पछि पार्टी खुला हुँदा देशभरि हजार भन्दा पनि कम पार्टी सदस्यहरू थिए। त्यो अवस्थामा २०४८ सालको निर्वाचनमा एक तिहाई भन्दा बढी सिट हासिल गरेको थियो र यो जनमत निर्माण गर्नमा प्रगतिशील गीतको ठुलो योगदान रहेको थियो," (ज्ञवाली, अन्तर्वार्ता, माघ २३,। उक्त भनाइले प्रगतिशील गीतले समाजको भित्री सतहमा जनचेतना र जागरणको भूमिका खेल्दा त्यसको परिणाम मालेले मात्रात्मकबाट गुणात्मक विकाससमा ठुलो फड्को मर्न सफल रहेको देखा पर्दछ। "पार्टी सङ्गठनमा कुनै क्षेत्रमा ५ जना थिए भने प्रगतिशील गीतको लहरले ५० पुऱ्याइदियो, ५० थिए भने ५०० पुऱ्याइदियो। हाम्रो पार्टी सङ्गठनले भन्दा बढी गीतले प्रभाव पाऱ्यो। मेरो विचारमा नेपालको राजनीतिक पार्टी सङ्गठन निर्माणमा त्यो बेला एक तिहाई भूमिका गीतले खेलेको थियो भन्ने मेरो मूल्याङ्कन छ," (नेपाल, अन्तर्वार्ता, पौष २२, २०७६)। उक्त भनाइ पहिल्याउँदा जनतालाई गोलबन्द गर्ने, पार्टीलाई जनस्तरमा पुऱ्याउने, जनाधार निर्माण गर्ने र पार्टी राजनीतिको मूल आधारभूमि तयार गर्ने र त्यसैको जगमा मालेको पार्टी सङ्गठन विस्तार हुँदै गएको देखापर्दछ।

त्यसबेला मानिसलाई मार्क्सवाद र कम्युनिष्ट पार्टीको बारेमा धेरैले बुझेका थिएनन्। पार्टी दस्तावेजहरू पढ्न चुनौती थियो। गीत सुनेर, त्यसको विचार समाउँदै मानिस कम्युनिष्ट बन्दथे। "टाढै छ छोरो भन्दिनु दाजै आमालाई नरोऊ भन्दिनु' त्यो नयाँ गीत सुनी सकेपछि मलाई बिजुलीको झट्का लागे जस्तै नै भयो। आहा जिन्दगी त्यो पो हो त ! त्यस्तो कार्यकर्ता हुन पाए, जो टाढैबाट आमालाई सम्झन्छ। वास्तवमा अव म भूमिगत भइहाल्छु भन्ने हुटहुटी त्यही गीतले जगायो। मजस्तै थुप्रै मानिसहरू प्रगतिशील गीतबाट जोडिँदै गए" (ज्ञवाली, अन्तर्वार्ता, माघ २३, २०७६)। यसरी प्रगतिशील गीतको प्रभावले मानिसहरू कम्युनिष्ट पार्टीमा जोडिँदै गए। शैक्षिक क्षेत्रमा पनि पार्टी सङ्गठन विस्तार र जनशक्ति निर्माणमा प्रगतिशील गीतको भूमिका थियो। "विद्यार्थी क्षेत्रमा क्षेत्रीय कमिटी, जिल्ला कमिटी, अञ्चल कमिटी निर्माण गर्दा पहिला प्रगतिशील गीतको कार्यक्रम गरिन्थ्यो। त्यसबाट विकसित भएका विद्यार्थीहरू नै युवा क्षेत्रमा पार्टी सङ्गठनको बलियो आधार बन्थे। त्यहींबाट मालेका नेता, कार्यकर्ताहरू जन्मिन्थे," (राई, अन्तर्वार्ता, पुस १४, २०७५)। विद्यार्थी राजनीतिमा प्रभाव विस्तार गर्ने उद्देश्यअनुसार सङ्कल्प गीति कार्यक्रम र विद्यार्थी राजनीतिलाईसँगै मिश्रण गरेर

लगिएको थियो। जनमत निर्माणको आधार समेत प्रगतिशील गीत बनेको पाइन्छ। विचार र सङ्गद्धठन निर्माण लक्षित अखिलका हरेक कार्यक्रमहरू जनवादी गीतमय बन्थे। ती गीतहरू सुनेर विद्यार्थीहरू अखिलमा समाहित हुन्थे। यसले सांस्कृतिक राजनीतिक चेतनाको बाटोबाट कम्युनिष्ट पार्टीसम्म पुऱ्याउँथ्यो। अनेरास्ववियूका अध्यक्ष भण्डारी भन्छन् - "यो आन्दोलनमा भाषण भन्दा गीत बलशाली थिए। तिनै राल्फा र सङ्कल्पका गीतहरूकै जगमा विद्यार्थी आन्दोलनले जनतालाई जागरुक बनाउँदै लग्यो, त्यसबेला देशका अधिकांश क्याम्पसमा अनेरास्ववियु (पाँचौं) ले जित्नुमा प्रगतिशील गीति कार्यक्रमको भूमिका ज्यादै महत्त्वपूर्ण थियो," (अन्तर्वार्ता, कात्तिक १५, २०७५)। उक्त विचार, अनुभव, धारणा, तर्क र तथ्यहरूका आधारमा पञ्चायतकालमा नेकपा (माले) को पार्टी सङ्गठन विस्तारमा प्रगतिशील गीतको भूमिका रहेको थियो तर्कमा पुग्न सकिन्छ। अझ यसलाई प्रगतिशील गीतका मूल प्रवृत्ति र अन्तर्वस्तुका आधारमा थप विश्लेषण हुनुपर्ने हुँदा त्यसको बारेमा छलफल गरेको छ।

**४.प्रगतिशील गीतका प्रवृत्ति र अन्तर्वस्तु**

मार्क्सवादी दर्शनमा आफ्नासयेभ (सन् १९७७, पृ. १३९) निश्चित वस्तु अथवा घटनाको निर्माण गर्ने तत्त्वहरू र प्रक्रियाहरूको समुच्चय र रूपलाई सारको सङ्गठन वा संरचना मान्दछन्। यसबाट अन्तर्वस्तु गीतको भित्री तत्त्व हो भन्ने बुझ्न सकिन्छ। उक्त भनाइलाई श्रेष्ठ (२०६७,पृ.१५५) ले कुनैपनि वस्तुको आधारभूत तत्त्व र गुणहरूको समष्टिलाई मानेका छन्। यसबाट कुनै पनि वस्तुको भित्री तत्त्व, प्रक्रिया र गुणहरूको समग्रता अन्तर्वस्तु हो भन्ने बुझ्न सकिन्छ। प्रगतिशील गीतको अन्तर्वस्तु पहिल्याउन गीतका बारेमा विश्लेषण हुन आवश्यक देखिन्छ।

**प्रगतिशील गीतका प्रवृत्ति**

| **गीतको स्थायी बोल** | **गीतको अन्तर्वस्तु** | **स्रोत** |
|---|---|---|
| मानिस छुत अछूत हुन्छ म भन्दै भन्दिन | जातीय छुवाछूतको विरोध | मञ्जुल, राई, २०४७ : १५ |
| बसाईं हिँड्नेको ताँतीले बस्नेको मन रूवाउँछ | वर्गीय शोषणको विरोध | टुहुरे, २०४७ : ८० |
| जुत्ता सिउँछौ सार्कीहरू खालीछन् गोडाहरू | श्रम मूल्यबोधी चेतना | मञ्जुल, रामेश, २०४७ |
| अन्तिम विजय हाम्रै हो | क्रान्ति आह्वान, विजय संखघोष | भण्डारी, २०४७ : ४२ |
| गल्ति गर्नु हुन्न अब निर्दल चुन्नु हुन्न | निर्दलीयताको विरोध र जनमत | राई, २०७६, पुष १४ |
| बन्दी छन् हाम्रा हातहरू | स्वतन्त्रता र उन्मुक्तिको चाहना | राई, २०४७ : २० |
| पाँचवटा पहाड पन्छाउँन भनि एक भई | सामन्त र साम्राज्यवादको विरोध | सुब्बा राई, २०४७ : ३९ |
| मार्क्सवाद यो, अजेय हतियार | मार्क्सवादप्रति आस्था, प्रतिवद्धता | मञ्जुल, रामेश, २०४७ : १ |
| चुलोमा आगो सल्काउने हामी सङ्घर्षको ज्वाला | महिला मुक्तिको उद्घोश | सुब्बा, २०४७ : ४५ |
| वर्गीय समाजमा वर्गीय प्रेम न्यानो र चोखो हुन्छ | वर्गीय प्रेम र वर्गसङ्घर्ष | मञ्जुल, २०४७ : ७ |

स्रोत : जनताका गीतहरू (२०४७)।

प्रस्तुत भएका प्रगतिशील गीतहरूमा मूलरूपमा सामाजिक यथार्थवादी दृष्टिकोण, वैचारिक सिद्धान्तप्रतिको प्रतिबद्धता, वर्ग सङ्घर्ष र वर्गीय प्रेममा दृढ विश्वास, सामन्तवाद, पूँजीवाद, साम्राज्यवाद प्रतिको विरोध र घृणा, जातभात छुवाछुतको विरोध र लैङ्गिक समानताको पक्षपोषण, अन्धविश्वास र ईश्वरीय सत्ताप्रतिको अविश्वास, वर्गीय र शासकीय शोषण उत्पीडन विरोधी भावना, श्रम र श्रमजीवीहरूप्रति सम्मान र सहानुभूति, मानवीय मूल्य, भविष्यप्रति आशा ब्यक्त भएका छन्। जसले ती गीतको मूल अन्तर्वस्तुको प्रतिनिधित्व गरेका छन्।

**५.महिला शोषण विरोधी**

पञ्चायतकालमा महिलाहरू चरम शोषण र उत्पीडनमा थिए। पुँजीवादी सामन्तवादले त्यसको संरक्षण गरेको थियो। महिलाहरूलाई खाना बनाउने, बच्चा जन्माउने र तिनको लालनपालन गर्ने, सरसफाइ गर्ने साधनका रूपमा हेरिन्थ्यो। महिलाहरूको वस्तुकरण, विभेद, हिंसाजन्य अनेकौँ अवस्थाहरू विद्यमान थिए। त्यसका विरूद्ध सिद्धान्ततः वर्गसङ्घर्षलाई केन्द्रमा राखेर प्रगतिशिल गीतले नयाँ जागरण ल्याउन सुरु गर्‍यो। महिलामुक्तिका प्रगतिशील गीतले लैङ्गिक समानतालाई प्राथमिक मुद्दा बनाए। पुरुष र नारीलाई समान अवसर, जिम्मेवारी, अधिकार, स्रोत-साधनमा समान पहुँचका सवालहरू गीतमा उठाइए। लिङ्गको आधारमै महिलालाई विभेद गर्ने परिपाटी, महिला माथिको सामाजिक र राज्यस्तरको दोहोरो दलन र दासतापूर्ण जीवनको यथार्थ समाज सामु प्रकट गर्दै नारी पुरुषको सह-अस्तित्व, समानता र अधिकारका विषयमा नारीहरूलाई प्रशिक्षण दिने काम गरे। ले गाएको एउटा गीतको उदाहरण हेर्न सकिन्छ -

आमा दिदी बैनी हो कति बस्छौ दासी भै, सुखको सधैँ प्यासी बनेर

पूर्णिमाको तिम्रो चन्द्र कुल्ची सके मानिसले, तिम्रै कुनै सन्तानले

तिमी जस्तै दिदी बैनी रकेटमा उडिसके, आफ्नो शक्ति चिनी सके

तिमी भने मझेरीमा छुन्मुनाउँछ्यौ दङ्गपरी, जीवनभरि कैदी बनेर, (ज्ञवाली, २०४७, पृ.१९)।

उक्त गीतमा सामन्ती समाजले सिर्जना गरेको नारी उत्पीडनको चित्रण, उत्पीडनबाट मुक्तिको बाटो गीतको मूल अन्तर्वस्तुका रूपमा रहेको पाइन्छ। त्यसबेलाको समाजको यथार्थ प्रतिविम्बन नै उक्त गीत भित्रको अन्तर्वस्तु हो। यस अर्थमा विश्वपरिप्रेक्षलाई साक्षी राखी चन्द्रमा कुल्चिएका नारीहरूसँग तुलना गर्दै नेपाली नारीहरूलाई अगाडि बढ्न प्रेरित गरिएको छ।नारीहरूलाई भविष्यप्रति आशा जगाउँदै नारीलाई हेप्ने, दबाउने, दासी कमारीका रूपमा घर धन्दामै सिमित राख्ने भ्रष्ट सामन्ती परिपाटीका विरूद्ध नारी मुक्तिका निम्ति सङ्घर्ष गर्न आह्वान गरिएको छ।यिनै गीतको प्रभावमा असंख्य महिलाहरू नेकपा (माले) को पार्टी सङ्गठनमा जोडिँदै आएका थिए। "जो महिलाहरू पुस्तक पढ्ने क्षमताका थिए, ती पार्टीको सिधा सम्पर्कबाटै आए, तर अधिकांश महिलाहरू गीत सुनेर, प्रगतिशील गीतले उठाएको विचार पहिल्याउँदै कम्युनिष्ट पार्टी, सङ्गठन र आन्दोलनमा आएका हुन्,"(शर्मा, अन्तर्वार्ता, पुस १८,२०७५)। त्यसरी गीतको माध्यमबाट परिवार र समाजसँग विद्रोह गरी आएका महिलाहरू सुरुमा सांस्कृतिक आन्दोलनमा, त्यसपछि अ.ने.म.सं. हुँदै पार्टीको नेतृत्वमा समेत पुगेको पाइन्छ। यसरी घर परिवार देखि समाज, सङ्गठन, सङ्घर्ष हुँदै जन आन्दोलनसम्म नै गीत र महिला मुक्तिको आन्दोलन सँगै अघि बढ्नुले नारीमुक्तिका गीतले पार्टी सङ्गठन विस्तारमा भूमिका खेलेको थियो भन्ने आधार स्पष्ट हुन्छ।

**६.वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास**

मार्क्सवादले समाज वा राज्यमा शासक र शोषित तथा पूँजीपति र श्रमिक बीच वर्गसङ्घर्ष अनिवार्य छ भन्ने मान्दछ। वर्गीय प्रेम वर्ग विभाजित समाजमा आफ्नो वर्ग वा वर्गहितको पक्षमा गरिने प्रेम हो। चापागाइँ (२०५४,पृ. ११४) अनुसार परस्पर विरोधी वर्गमा विभाजित समाजको सबल गतिदायी शक्ति, विकासको स्रोत र समाजको आमूल परिवर्तनको माध्यम वर्गद्वन्द्वलाई मान्दछन्। प्रगतिशील गीतले सोही वर्गद्वन्द्वलाई चर्काउने काम गरेका थिए। समाजको सीमान्तकृत तथा उत्पीडित वर्गसँग वर्गीय प्रेमको नाता जोड्दै उनीहरू माथि सामन्त र पूँजीपतिहरू द्वारा गरिँदै आएको श्रमको दोहन, रगत पसीनाको शोषण र श्रम अवमूल्यन विरूद्ध चेतना फैलाउने काम गरेका थिए।गीतले गाउँका धनीहरूको शोषण, अन्याय विरूद्ध सङ्घर्ष गर्न आह्वान गर्दै शोषण, अन्याय विरूद्ध अधिकारको आवाज उठाउन प्रेरित गरेका थिए। वर्गीय प्रेमलाई यसरी प्रस्तुत गरिएको थियो -

वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ,
बाहुनको छोराले बाहुनकै छोरालाई ठग्छ
नेवारको छोराले नेवारकै छोरालाई ठग्छ,

एउटै जातिका हौँ हामी भनि गरिने प्रेम
व्यवहारमा झुटो हुन्छ, (मञ्जुल, २०४७,पृ.७)।

उक्त गीतले लिङ्ग, वर्ण, जात, धर्म, भाषा, भूगोलआदिको आधारमा हुने वर्गीय शोषणको विरोध र वर्गीय प्रेमको वकालत गरेको छ। सामन्तवादको उत्पीडनकारी वर्गीय चरित्र र विभेदकारी वर्गीय संरचनाको यसले विरोध गरेको छ। वर्गीय आन्दोलनका प्रगतिशील गीतले व्यवस्थासँगका अन्तर्विरोधलाई चर्काउने, प्रतिरोधलाई झन् बढाउने र वर्गीय चेतना सञ्चार गर्ने काम गरेका थिए, त्यसले समाजको वर्ग चेतना उकास्ने काम गऱ्यो," (मञ्जुल, २०७१ ,पृ७-१०)। उक्त भनाइबाट वर्गीय प्रेमको माध्यमबाट प्रगतिशील गीतले सर्वहारा वर्गको जीवनमा प्रवेश गरी द्वन्द्वात्मक पक्षहरू बीच गीति अन्तर्वस्तुले शोषक सामन्तहरूका विरूद्ध घृणा, विद्रोह र आक्रोशको मानसिकता निर्माण गर्नमा भूमिका खेलेको थियो भन्ने स्पष्ट हुन्छ।यसले तात्कालीन (माले) ले लिएको वर्ग सङ्घर्षको नीतिलाई सघाउँदै उत्पीडीत वर्ग समूदायबीचमा पार्टी सङ्गठनलाई विस्तार गर्ने कार्यमा ती गीतको भूमिका रहेको देखा पर्दछ।

**७.जातीय छुवाछुत र अन्धविश्वासको विरोध**

प्रगतिशील गीतले कुनै पनि जातजातिका आधारमा हुने भेदभावजन्य कार्यको विरोध गर्दै समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको पक्षपोषण गरेको पाइन्छ।मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले चेतनालाई वस्तुजगतको आत्मिक प्रतिविम्बन मान्दछ। उक्त सिद्धान्तले धर्म, संस्कृति, जात, लिङ्ग र सामाजिक संरचनाका आधारमा हुने विभेदलाई पनि वर्ग सङ्घर्षकै विभिन्न रूप मान्दछ। उक्त विचारको प्रतिविम्बन प्रगतिशील गीतमा यसरी देखापरेको पाइन्छ -

मानिस छुत अछूत हुन्छ म भन्दै भन्दिन,

जाति र पाति छुट्याउने रीतलाई म मान्दै मान्दिन

मानिस भई मानिसको रगत म खाँदै खाँदिन,

जाति र पाति छुट्याउने रीतलाई म मान्दै मान्दिन, (राई, २०४७ : १५)।

उक्त गीतले सीमान्तकृत व्यक्ति/समूहले भोग्नु परेको जातीय दलन, विभेद र छुवाछूतलाई सामाजिक यथार्थको आलोकमा प्रस्तुत गरेको छ। गीतले विद्यमान जातभात, छुत अछूत, ठुलो सानो बीचको भेदभावका विरूद्ध मानवतावादी समाजको प्रतिस्थापनमा जोड दिएको छ। यस्ता गीतले समाजमा जनचेतना, जागरण र विश्वदृष्टि अनुरूपको वैज्ञानिक समाजमा योगदान पुऱ्याएको देखिन्छ। "जो अलि हुनेखाने थिए, तिनीहरू ठूलो जातका भए, जो अलि दुःखी र दरिद्र थिए, उनीहरूलाई सानो जातको बनाइयो। उनीहरूलाई बढी काम गर्न लगाइयो, दास बनाइयो। तर मान्छे जन्मैले समान हुन्। त्यही कुराको सन्देश हामीले गीतमार्फत दियौँ," (राई, २०४७,पृ.१५)।उक्त गीतका गायक राइका अनुसार जातभात छुवाछूत शास्वत नभएर मानव निर्मित कृत्रिम विषयवस्तुको रूपमा देखा पर्दछ। वैज्ञानिक विश्व समाजले पनि यही मान्यता राखेको पाइन्छ। उक्त भनाइले जातीय विभेदको विरोध र जातीय समानताको उद्वोधन गर्दछ। यस्ता गीतहरूको माध्यमबाट जनतालाई आकर्षित गर्दै दलित, उत्पीडीत समूदाय बीच नेकपा (माले) लाई पार्टी सङ्गठन निर्माण र सङ्गठन विस्तारमा सघाउ पुगेको थियो।

**क्रान्ति आह्वान**

मार्क्सले आज सम्मको मानव जातिको विकास वर्गसङ्घर्षको इतिहास हो भने। क्रान्तिलाई इतिहासको चालक शक्ति माने। बहुमत मानिसलाई सङ्गठित नगरेसम्म क्रान्ति सफल हुँदैन भन्ने उनको विचारलाई तात्कालीन मालेले पछ्यायो। पार्टी सङ्गठन विस्तारका क्रममा प्रगतिशील गीतमा पनि त्यसका विम्बनहरू देखा परे। "समाजका दुई वर्ग उत्पादनका साधनमाथि नियन्त्रण र स्वामित्व भएका र स्वामित्व नभएका बीचको प्रतिस्पर्धाको सबैभन्दा उपल्लो अवस्था नै क्रान्ति हो,

उत्पादनको नियन्त्रण गर्ने वर्गलाई शोषित क्रान्तिकारी वर्गले चुनौती दिँदाको परिणामस्वरूप नयाँ राजनीतिक र आर्थिक अधिरचना निर्माण हुन पुग्छ," (मार्क्स र एङ्गेल्स, सन् १८४८, १९९०) । यसै विचारद्वारा परिलक्षित भइ गीतले सामन्तवादी, पूँजीवादीहरूद्वारा सिर्जित असमान वर्ग व्यवस्था, शोषक र शोषित वर्ग बीचको विभेदको चित्रण गरी तिनका शोषणका प्रवृत्तिहरूको उद्घाटन गरेको देखिन्छ। प्रगतिशील गीतहरूले क्रान्तिको आह्वानलाई यसरी व्यक्त गरेका थिए -

रक्तक्रान्तिको ज्वालामुखीमा, आज उठेको यो बलिदान,

श्री नढलेका युवा युवतीको हृदय हृदयको यो स्वाभिमान

क्रुर दमनलाई धक्का माछौँ, काला कानुनलाई धुस्नो पाछौँ,

रक्तक्रान्तिमा जीवन चढाउने युवा रगतको शान, (मिश्र, २०४७ : २) ।

उक्त गीतमा व्यवस्था विरोधी युवाहरूको आक्रोशलाई समाउँदै शोषण र दमनको दुष्चक्रबाट जनतालाई उन्मुक्त गरी छोड्ने दृढ प्रतिज्ञा गरिएको छ। जनतामाथि दमन गर्ने अन्यायी कानुनहरू खारेज गर्ने सङ्कल्पको साथ उनीहरूद्वारा सिर्जित असङ्गति र बेथिति विरूद्ध खबरदारी गरिएको छ। दुई वर्ग बीचको वर्गसङ्घर्ष चर्काउन वर्गीय घृणाका रूपहरूको आवश्यकता पर्दछ। सामन्त र पूँजीपतिहरू विरूद्ध घृणा उमार्ने काम गरेका थिए। गीतहरूले मानिसलाई क्रान्तिको आवश्यकता बोध गराउँदै क्रान्ति/परिवर्तनप्रति मानिसहरूको आशा जागृत गरेको थियो। नेकपा (माले) 'क्याडर वेस पार्टी' भएकोले क्याडर उत्पादन र सङ्गठन विस्तार गर्ने र राजनीतिक परिवर्तनको दिशातिर डोऱ्याउने मूल कडी ती गीत बनेको पाइन्छ। गीतले क्रान्तिपछिको रूपान्तरण र त्यसको परिणामप्रति आशावान् तुल्याएको थियो। क्रान्तिको अनिवार्यता, क्रान्तिप्रतिको विश्वास र आशाको सञ्चय गीतको अन्तर्य र अन्तर्वस्तुका रूपमा देखा पर्दछन्। गीत भित्र प्रतिरोधको र प्रतिशोधको भावना मिश्रित छ। एउटा मरेर जान्छ, हामी हज्जारौँ हुन्छौँ भन्ने गीति पंक्तिले मात्रात्मकबाट गुणात्मक परिवर्तनतर्फ क्रान्ति अघि बढिरहेको सङ्केत गरेको छ। यस्ता विचारहरू मूलतः तात्कालीन नेकपा (माले) द्वारा नै प्रशिक्षित सिद्धान्तहरूको जगमा निर्मित भएकोले त्यसले अन्ततः उक्त पार्टीको सङ्गठन शक्तिको विकास र विस्तारलाई मद्धत पुऱ्याएको पाइन्छ।

**राजनीतिक चेतना**

राजनीतिक चेतना राजनीतिप्रतिको सुझबुझपूर्ण उन्नत स्तर, जुन स्वतन्त्रता र मौलिक अधिकारहरू सहितको जागृत अवस्था हो। "राजनीतिक चेतना एउटा औजार र उद्धेश्य दुवै हो। एक औजारको रूपमा, राजनीतिक चेतनाले धेरै तहमा शक्ति गतिशीलताको आलोचनात्मक विश्लेषणलाई उत्प्रेरित गर्छ। राजनीतिक चेतनाको विकासले दिगो राजनीतिको आधार प्रदान गर्दछ। नागरिकको हीतलाई जवाफदेही बनाउन सचेत नागरिकको सहभागीता बढाउँछ, (मीलर, २००२, मे ३१। प्रगतिशीलहरू मार्क्सवादी दर्शनबाट प्रेरित भएको हुँदा जनताले भोगेका अन्याय, अत्याचार, शोषण, दमन जस्ता अँध्यारा पक्षहरूलाई गीतमा प्रतिविम्बन गरेको पाइन्छ। गीतमा त्यस विरूद्धका आक्रोश, आपत्ति र कटाक्षहरू भेटिन्छन्। प्रजातन्त्रलाई यसरी बुझेको पाइन्छ -

प्रजातन्त्र के हो, अहिले कसको हातमा छ ?, प्रजातन्त्र जन्तु हो कि कस्तो आत्मा छ ?

प्रजातन्त्र काँ छ ? कहिले यहाँ आइपुग्छ ?, भागि कहीँ गा'को भए कल्ले ल्याइदिन्छ ?

नेतालाई था' छ कि, प्रजातन्त्र कस्तो छ ? किन्न परे प्रजातन्त्र कति सस्तो छ ?

जे भए नि प्रजातन्त्र हाम्ले कहिले पाउने हो, कहिले हाम्ले प्रजातन्त्र चिन्न पाउने हो ?(खतिवडा, २०४७, पृ. १७)।

उक्त गीतमा प्रजातन्त्रको अस्तित्व हराएको प्रति व्यङ्ग्य कस्दै प्रजातन्त्रको अस्तित्ववोधका साथ त्यसको महत्त्व र आवश्यकता बोध गराइएको छ। प्रजातन्त्रको सर्वसम्मत मानकअनुसार समाजका सबै वर्ग, समूदाय, क्षेत्र र लिङ्गको समानुपातिक प्रतिनिधित्व हुने खालको न्यायपूर्ण शासन स्वरूपको राजनीतिक पद्धतिलाई अस्वीकार गरी राजतन्त्रात्मक

निर्दलीय पञ्चायती व्यवस्थालाई प्रजातन्त्र भनिएकोमा व्यङ्ग्य गरिएको छ। प्रश्नहरू प्रजातन्त्र मास्ने शासकहरू प्रति लक्षित छन्। प्रजातन्त्र पुनर्स्थापित भएरै छाड्ने विश्वास र प्रतिवद्धता गीतमा व्यक्त भएको छ। ती गीतले वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यतालाई समेत प्रतिविम्बित गरेको पाइन्छ।यस्ता गीतहरू दलीय पद्धति र सङ्गठनको विकास विस्तारका निम्ति मात्र नभएर प्रजातान्त्रिक आन्दोलनका निम्ति समेत क्रान्ति औजार बनेको देखा पर्दछ।

**सामन्तवाद र पूँजीवादको विरोध**

प्रगतिशील गीतको राजनीतिक अन्तर्वस्तुका रूपमा सामन्तवाद र पूँजीवाद विरोधी गीतहरू देखा पर्दछन्। सामाजिक क्षेत्रमा सामन्तवाद भूमि व्यवस्थाका आधारमा निर्माण भएको सामाजिक व्यवस्था हो भने राजनीतिक क्षेत्रमा सामन्तवाद राजनीतिक प्रणाली हो, आर्थिक व्यवस्था र सांस्कृतिक संरचना हो। पूँजीवादलाई एक आर्थिक प्रणालीको रूपमा लिइन्छ, जसमा निजी मालिकहरूले आफ्नो स्वार्थ अनुसार सम्पत्तिको स्वामीत्व र नियन्त्रण गर्छन्। मार्क्सले पूँजीवादले असमानता, शोषण बढ्ने र अतिरिक्त मूल्यको शोषणले श्रमिक-वर्ग पूँजीपतिहरूका विरूद्ध निस्कन्छन् र एउटा क्रान्तिमा पुऱ्याउने छन्, भन्छन्।"सामूहिक उत्पादन पद्धति र दास व्यवस्थाको प्रत्यक्ष श्रम शोषणपछि समाज विकास क्रममा आएको आर्थिक उत्पादन पद्धतिमा भएको नयाँ विकास, उत्पादन साधनको भूमिमाथिको स्वामित्व र भूमि तथा वास्तविक किसानहरूबीचको नयाँ सम्बन्धनले सामन्तवादको चरण विकसित हुन्छ," (शिवाकोटी, २०६९, पुस ६, अनुच्छेद २)। राज्यशक्ति दुरूपयोग गरी केही व्यक्तिले दोहन गर्ने, किसानहरूको शोषण गर्ने, राज्यले तिनै भूसामन्तहरूको सेवा गर्ने जुन प्रथा नेपालमा चल्यो त्यसैलाई सामन्तवाद भनियो, जसका विरूद्ध गीतहरू प्रस्तुत गरी समाजलाई वैज्ञानिक, न्याय एवम् गतिशील बनाउन सामन्ती शोषणको अन्त्य हुनुपर्ने जिरह प्रगतिशील गीतले प्रस्तुत गरेको देखिन्छ। सामन्तवादलाई प्रोत्साहन, संरक्षण गर्ने तात्कालीन शासन व्यवस्था गीतको निशानामा थियो। एउटा नमुना गीत यसप्रकार प्रस्तुत गरिएको छ -

हो हो दाजु ठिकै भन्यौ चित्त बुझ्यो मेरो,

सामन्तीलाई खतम पार्न मार्छु अब फेरो

धरानको कैयाँ बजार सुर्जेमारका टिन,

ल्याउनै पर्छ सोभा निर्धा गरिबका दिन

जनताका दुश्मनलाई दया गर्नु हुन्न, (मञ्जुल, २०४४, पृ.२८७)।

उक्त गीतले सामन्तीलाई खतम पार्ने, सोभा निर्धा गरिबका दिन ल्याउने सामन्तवाद विरोधी चेतना प्रस्फुटन गरेको छ। समाजका सिमित व्यक्तिमा पूँजी नियन्त्रित भएको र गरिब जनता सधैँ अन्यायमा परेकाले गीतले त्यसको विरोध गरेको देखिन्छ। पूँजी हातमा लिएर समाजमा प्रभुत्व जमाउने, गरिबलाई ठग्ने, शोषण गर्ने सामन्ती व्यवस्थाप्रति घृणा उत्पन्न गर्दै सामन्तवाद र शासनका विरूद्ध सङ्घर्ष गर्न आह्वान गरेको पाइन्छ। उत्पादन, पूँजी लगानी र सर्वहारा श्रमजीवी वगसँगको आर्थिक सम्बन्ध र अर्थतन्त्रको ब्यावहारिक वितरण प्रणालीमा भएका असमानता र विभेदलाई चर्काउँदै उनीहरूले सङ्घर्षलाई प्रोत्साहित गर्ने गरेको देखिन्छ। यसले सामन्तवाद र पूँजीवादसँगको द्वन्द्वलाई प्रस्तुत गर्दै सर्वहारा वर्गले भोगेका अवस्थाहरूलाई व्यक्त गरी समतामूलक समाजको आग्रह प्रस्तुत गरेको पाइन्छ। विश्वलाई आर्थिकरूपले शोषण गरी असमान समाजको निर्माणमा उद्धत पूँजीवाद, साम्राज्यवादको विरोध गरी न्यायपूर्ण विश्व समाज निर्माण गर्न चाहेको देखिन्छ। उल्लिखित राल्फाका गीति दृष्टान्त र उक्त अभिव्यक्तिले विश्लेषणलाई थप परिस्कृत गर्दछ। उक्त गीतका अन्तर्वस्तुले सम्प्रेषित गरेको सारभूत पक्ष सामन्तवादको अन्त्य, त्यसलाई हुर्काउने पूँजीवादको अन्त्य नै हो भन्ने देखिन्छ।

**८. निष्कर्ष**

प्रस्तुत अनुसन्धान लेखले मुलभूत् रूपमा दुई वटा उद्देश्यहरू- पञ्चायतकालीन समयमा प्रगतिशील गीतले नेकपा (माले) को सङ्गठन विस्तारमा खेलेको भूमिकाको विश्लेषण गर्नु र दोस्रो उद्देश्य प्रगतिशील गीतका प्रवृत्तिगत पक्ष

र अन्तर्वस्तुको पहिचान गर्नु रहेको थियो। पहिलो शोध्यविषयका सम्बन्धमा, राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा नेकपा (माले) राजनीति जनता माझ पुऱ्याउन खासगरी उक्त पार्टीले सङ्कल्प परिवारलाई गाउँगाउँमा पुऱ्याएर जन जागरण, जनचेतना, जनमत निर्माण गर्दै त्यसको आडमा पार्टी सङ्गठन शक्तिको विस्तार गरेको देखा पर्न गयो। ती गीतले नेकपा (माले) ले लिएको विचार सिद्धान्तलाई जनस्तरमा लैजान जनता र पार्टी बीचको पूलको रूपमा काम गरेको देखा पर्न गयो। पार्टी कमजोर रहेका इलाकाहरूमा पहिला प्रगतिशील गीति कार्यक्रम गरेर त्यसले छोडेको प्रभावलाई मूल्याङ्कन गरी गीति प्रभावमा आएकैहरू मध्येबाट गीतका विचारहरूलाई मन पराउनेहरूलाई छनौट गरी तिनलाई प्रशिक्षित गर्दै पार्टीका जन सङ्गठनको बाटोबाट पार्टीमा आवद्धता दिने गरेको देखियो। यसले नेकपा (माले) को जनाधार, भावभूमि निर्माण गर्नमा प्रगतिशील गीतको महत्वपूर्ण भूमिका रहेको थियो भन्न सकियो। शोध्यउद्धेश्य- प्रगतिशील गीतका प्रवृत्तिगत पक्ष र अन्तर्वस्तुको पहिचान गर्ने सन्दर्भमा, प्रगतिशील गीतमा सर्वहारा मानवतावादी दृष्टिकोण, समतामूलक समाजको निर्माण, देशभक्तिको भावना, मार्क्सवादी चिन्तनको पृष्ठपोषण, वर्गीय चेतना, द्वन्द्वात्मक एकता, विश्व दृष्टिकोण, आमूल परिवर्तन, परिवर्तनकारी क्रान्तिको आह्वान, अन्धवाद र रुढीवादको विरोध, महिला शोषण विरोधी चेतना, वर्ग सङ्घर्ष, सामन्तवाद र साम्राज्यवादको विरोध जस्ता तत्वहरू अन्तर्वस्तुका रूपमा देखा पर्दछन्। यसैगरी लैङ्गिक तथा जातीय समानता, अविभेद, स्वाधीनताको पहरेदारी, शोषण, उत्पीडन विरूद्ध न्यायपूर्ण समाजको अडान, श्रम र श्रमजीवी वर्गप्रति सहानुभूति, निर्दलीयताको विरोध र प्रजातन्त्र पुनर्स्थापनाको तीव्र चाहना जस्ता विषयहरू गीतका अन्तर्वस्तुका रूपमा प्रकट भएको पाइयो। विद्यमान समाजका यिनै विभिन्न कोणबाट जनतालाई जागृत, सूचित, सङ्गठित र गोलबन्द गर्ने सामाजिक राजनीतिक प्रक्रियासँग जोडिएर प्रगतिशील गीतले नेकपा (माले) को सङ्गठन विस्तार र शक्ति निर्माणको प्रक्रियालाई सहयोग पुऱ्याएको देखिन आयो। २०४६ मा ती गीतले खेलेको भूमिकाले दलीय व्यवस्थाको सबलीकरण र प्रजातान्त्रिकीकरणको प्रक्रियामा समेत सहयोग पुग्न गएको स्पष्ट हुन गयो।

भूमिगत दल र दलीय शक्तिको सबलीकरणमा प्रगतिशील गीतले एक सांस्कृतिक साहित्यिक अङ्गका रूपमा महत्वपूर्ण भूमिका खेलेको र उक्त गीतहरूले राजनीतिक परिवर्तनको जन आन्दोलन (२०४६) मा समेत प्रभावकारी भूमिका थियो भन्ने प्रस्तुत लेखको मूल निष्कर्षका रूपमा देखिएको छ।

**सन्दर्भसूची**


कार्की, कुमार(वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६, माघ २६, अनामनगर।

कार्की, टङ्क (वि.सं. २०७६), शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६, माघ २३, सुकेधारा।

खतिवडा, केपी (२०४७), कहिले हाम्ले प्रजातन्त्र चिन्न पाउने हो ?जनताका गीत, काठमाडौँः पैरवी पुस्तक भण्डार।

चापागाइँ, निनु (वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७५ कात्तिक ९, सानेपा।

ज्ञवाली, प्रदीप (वि.सं.२०७६), शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६, माघ २३, पुल्चोक।

टुहुरे, जेबी (वि.सं.२०७६), अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६, पुस २६, बल्खु।

पन्त, रघुजी (वि.सं.२०७६),अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६ पुस २६, कमलादी।

पराजुली, कृष्णप्रसाद (वि.सं.२०७५),प्रगतिशीलको अर्थ, *नेपाली बृहत् शब्दकोश, संशोधित दशौँ संस्करण,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ८१३।

पोखरेल, ईश्वर (२०७३, असोज २४),स्मृतिःनयाँ जीवनको खोजी, *इरूप्से* https://www.erupse.com/?p=3087

प्रधान, माधव (वि.सं.२०७६ ), शोध अन्तर्वार्ता,अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६ पुस २२, अनामनगर।

प्रश्रित,मोदनाथ(वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार,लेखक स्वयम्, २०७६, मङ्सिर २६, थानकोट।

नेपाल, प्रदीप (वि.सं २०७६),शोध अन्तर्वार्ता, लेखक स्वयम्, २०७६ पुस २२, पेप्सीकोला, काठमाडौं ।

भण्डारी, चन्द्र (वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्,२०७५ कात्तिक १५, मेचीनगर झापा ।

बीबीसी न्युज नेपाली (सन् २०१७), रेडियोकी प्रथम गायिका रानुदेवि, *बीबीसी* ।https://www.bbc.com/nepali/news-39973739

मञ्जुल, मेघराज (वि.सं. २०४४), सम्झनाका पाइलाहरूः वाराणसी : दुध विनायक- १ः १२१-१२५ ।

---, (वि.सं. २०४४), जनताका दुश्मनलाई दया गर्नु हुन्न, जनताका गीतहरू, काठमाडौं : पैरवी पुस्तक भण्डार, पृ. २८७ ।

---, (वि.सं. २०४७), एउटै जातिका हौं हामी भनि गरिने प्रेम व्यवहारमा झुटो हुन्छ, जनताका गीतहरू, काठमाडौं : पैरवी पुस्तक भण्डार, पृ. ७ ।

मिश्र, युद्धप्रसाद (वि.सं.२०४७), रक्तक्रान्तिमा जीवन चढाउने युवा रगतको शान, जनताका गीतहरू, काठमाडौं : पैरवी पुस्तक भण्डार, पृ. २ ।

राई, शम्भु (वि.सं. २०४७), जाति र पाति छुट्याउने रीतलाई म मान्दै मान्दिन, जनताका गीतहरू, काठमाडौं : पैरवी पुस्तक भण्डार, पृ. १५) ।

मञ्जुल, मेघराज(वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्,२०७६चैत्र २०,सातदोबाटो ।

राई, शम्भु (वि.सं.२०७६),शोध अन्तर्वार्ता,अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७५ पुस १४, मैतीदेवी, काठमाडौं ।

शर्मा, जीवन (वि.सं.२०७६),शोध अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७५, पुस १८, अनामनगर ।

शिवाकोटी, गोपाल (वि.स. २०७०), *समाजमा वर्गको स्थिति, पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था,* काठमाडौंः पैरवी प्रकाशन पुतलीसडक पृ. ३७८ । ।

सुब्बा, विजय (वि.सं.२०७६), अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, २०७६ फागुन २८, कोटेश्वर ।

श्रेष्ठ, रायन (वि.सं. २०७६), अन्तर्वार्ता, अन्तर्वार्ताकार, लेखक स्वयम्, माघ २६, विशालनगर ।

Baral, L. (1975). *The press in Nepal (1951-74). Contributions to Nepalese Studies, 2:169-186.*

Chauhan R. S. (1971). *The political development in Nepal (1950 -70): Conflict between tradition and modernity.* New Delhi: Associated Publishing House.

Marx K. and Engels F. (1848, February), *Marx/Engels Selected Works,* Vol. One, Moscow : Progress Publishers pp. 98-137 .

*Neumann S. (Jul., 1954). Toward a Theory of Political Parties. World Politics. Vol. 6, No. 4 (Jul., 1954), pp. 549-563 :* The Johns Hopkins University Press. https://doi.org/10.2307/2009028

Pokharel, R. K. (2007), *The communist movement in Nepal: A historical study on the communist party of Nepal (ML-UML).* Kathmandu: on published Research paper.

**Email : tikabhandariedu073@gmail.com**